BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# 'शत्रु' कथामा समाख्यानात्मकता

**राजेन्द्र गिरी**

नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, भरतपुर, चितवन
E-mail: rajendragiri191@gmail.com

Received: July 27, 2022, Accepted: Nov. 30, 2022

**सारसङ्क्षेप**

*प्रस्तुत लेख समाख्यानशास्त्रीय विश्लेषणसँग सम्बन्धित छ । यो समाख्यानशास्त्र आख्यानको नवीन मान्यता हो । यसले सङ्कथनलाई केन्द्रमा राखेर विषय, श्रोता, पात्र र समग्र संरचनाका बिचमा विश्लेषण गर्दछ। यसमा समाख्याताको कथासम्बद्धता, पात्रसम्बद्धता, समयसम्बद्धता, विश्वसनीयता र स्वप्रस्तुतिका आधारमा पहिचान गरी निष्कर्ष निकाल्ने प्रयास भएको छ। यस कथामा घटना, पात्रका कार्य र पात्रको मनस्थितिको वर्णन भएको छ। समाख्याताले कथाको प्रमुख पात्रका बारेमा सम्बोधितलाई जानकारी दिएको पाइन्छ। पात्रको शारीरिक, सामाजिक, आर्थिक तथा मानसिक अवस्था वर्णन गर्नाका लागि वर्णनात्मक समाख्यान विधि प्रयोग गरिनुका साथै मुख्य पात्रका विषयमा मूल्याङ्कन गर्दा समाख्याताले टिप्पणी विधिको समेत प्रयोग गरेको पाइन्छ। यस कथामा समाख्यान विधिको सामान्य तालिका प्रस्तुत गर्दै कथाको मुख्य पात्रबाट अकारण मानिसको कोही 'शत्रु' हुँदैन, 'शत्रु' बन्नका लागि झै–झगडा हुनुपर्छ भन्ने पनि छैन। बिनाकारण मानिसका कोही 'शत्रु' बन्दैनन् तर सानातिना कुरामा नै मानिसले 'शत्रु' बनाउने कारण छोडिरहेका हुन्छन् भन्ने कथनीयतालाई प्रकटीकरण  गर्ने प्रयास गरिएको छ।*

**शब्दसूची** : *अकारण, कथनीयता, समाख्यानशास्त्र, समाख्यान,समाख्याता, समाख्यान विधि।*

## १. विषयपरिचय

प्रस्तुत लेख 'शत्रु' कथामा प्रयुक्त समाख्यानात्मकतामा आधारित भई तयार पारिएको छ। 'शत्रु' विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) द्वारा लिखित एक मनोविश्लेषणमा आधारित कथा हो। उनका *दोषी चश्मा* (२००६), *श्वेतभैरवी* (२०३९) दुईवटा कथासङ्ग्रहहरू, *तीनघुम्ती* (२०२५), *नरेन्द्रदाइ* (२०२६), *सुम्निमा* (२०२७), *मोदीआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) र *बाबु, आमा र छोरा* (२०४५) गरी छवटा उपन्यास प्रकाशित छन्। *दोषी चश्मा* (२००६) कथासङ्ग्रहमा रहेको 'शत्रु' कथा मानवीय मनोदशाको सूक्ष्म चित्रण गरिएको कथा हो। यस कथामा कुनै पनि घटनाले व्यक्तिको मनोदशालाई कसरी प्रभावित पार्छ भन्ने कुरा देखाइएको छ।

समाख्यानशास्त्र आख्यानको सैद्धान्तिक विश्लेषण गर्ने आधुनिक मान्यता हो। यसले आख्यानात्मक रचनाको संरचनात्मक विश्लेषण गर्दछ। यसमा कुनै पनि कथ्य, लेख्य, दृश्य रचनाको वर्णनात्मक ढाँचा पहिल्याइन्छ। आख्यानका घटकहरूको प्रकार्यात्मक सम्बन्धको निरुपण कसरी भएको छ भन्ने कुराको खोजी गरिन्छ। समाख्यानमा कथा मुख्य केन्द्रमा रहेको हुन्छ र कथासँग घटना, पात्र र परिवेश जोडिएका हुन्छन्। समाख्यानशास्त्रले खास गरी आख्यानको प्रकार्य र समाख्यानात्मक सम्बन्धको निरूपण कसरी भएको छ भन्ने कुराको अध्ययन गर्दछ। यसमा समाख्याता, समाख्यान, सम्प्रेषणको तह, समाख्यानात्मक वाच्यत्व, समाख्यान विधि, समाख्यानात्मक काल, सङ्केन्द्रण, कथनीयता आदि कोणबाट आख्यानको विश्लेषण गर्न सकिन्छ। यसमा समाख्यानशास्त्रका सबै कोणबाट नभई समाख्याता, समाख्यान विधि र कथनीयताका कोणबाट 'शत्रु' कथाको विश्लेषण गरिएको छ।

## २. समस्याकथन

'शत्रु' विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तिगत मनोदशामा आधारित कथा हो। यस कथालाई समाख्यानात्मकताको कोणबाट विश्लेषण गरिएको छ। प्रस्तुत 'शत्रु' कथामा समाख्यानात्मकताको अध्ययनका लागि निम्न समस्या रहेको छ :

(क) 'शत्रु' कथामा समाख्याता, समाख्यान विधि र कथनीयताको अवस्था के-कस्तो रहेको छ ?

### ३. अध्ययनको उद्देश्य

'शत्रु' कथालाई विभिन्न सैद्धान्तिक आधारमा विश्लेषण गर्न सकिन्छ। ती आधारहरूमध्ये समाख्यानात्मकता पनि एक हो। समाख्यानात्मकताबाट विश्लेषण गर्नका लागि माथि उल्लिखित समस्याहरूलाई समाधान गर्नका लागि निम्नलिखित उद्देश्य राखिएको छ :

(क) 'शत्रु' कथामा समाख्यानात्मकताको पहिचान, समाख्यान विधि र कथनीयता पहिल्याउनु।

### ४. अध्ययनको सीमाङ्कन

'शत्रु' कथालाई साहित्यशास्त्रका विविध समालोचना पद्धतिअनुसार व्याख्या विश्लेषण गर्न सकिन्छ। यहाँ मुख्यतः 'शत्रु' कथालाई समाख्यानशास्त्रीय पद्धतिको समाख्याता पहिचान, समाख्यान विधि र कथनीयताका आधारबाट मात्र विश्लेषण गरिएको छ। यसदेखि बाहेक समाख्यान सम्प्रेषणको तह, समाख्यानात्मकता वाच्यत्व, समाख्यानात्मक काल, सङ्केन्द्रण र अन्य कुनै पनि समालोचनात्मक पद्धतिको प्रयोग प्रस्तुत लेखमा अध्ययन गरिएको छैन।

### ५. अध्ययन विधि

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'शत्रु' कथामा समाख्यानात्मकता' शीर्षकको अध्ययन कार्यका लागि सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय पद्धतिको प्रयोग भएको छ। सङ्कलित सामग्रीको विश्लेषणका क्रममा वर्णनात्मक र निगनात्मक पद्धतिको प्रयोग गरिएको छ। साथै केही अंशहरूलाई प्रष्ट पार्न आगनात्मक विधिको पनि प्रयोग गरिएको छ।

### ६. विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'शत्रु' कथामा समाख्यानात्मकताको विश्लेषण गरिएको छ। यस लेखले समेटेको विषय सीमालाई आधारमा मानेर समाख्यानशास्त्रका समाख्याता, समाख्यान विधि र कथनीयतालाई यहाँ स्पष्ट पारिएको छ। आख्यान विश्लेषण गर्दा समाख्याताको अध्ययनलाई ज्यादै महत्त्वपूर्ण मानिन्छ। समाख्याताबाट नै समाख्यान प्रस्तुत हुन्छ। समाख्याताबिना आख्यान निर्माण हुन सक्दैन। आख्यान प्रस्तुतिको माध्यमका रूपमा रहने समाख्याता कथाको वाचक हो। कथालाई पाठकसम्म पुऱ्याउने सम्प्रेषकको काम समाख्याताले नै गरेको हुन्छ। समाख्याता कथासम्बद्धता, पात्रसम्बद्धता, समयसम्बद्धता, समाख्याताको विश्वसनीयता र समाख्याताको स्वप्रस्तुति आदिका आधारमा पहिचान गर्न सकिन्छ।

आख्यानको प्रस्तोता नै समाख्याता हो। कथामा समाख्याता आफू एक्लैले एकोहोरो कथा वाचन गर्दैन, उसले श्रोताको पनि अपेक्षा गरेको हुन्छ। "भाषिक सञ्चारका क्रममा आउने समाख्याता र श्रोता वा दाता र ग्रहण कर्तालाई 'म' र 'तिमी' का बिचको सम्पर्क मान्न सकिन्छ। समाख्यानमा प्रेषकलाई सम्बोधक र प्रापकलाई सम्बोधित पनि भनिन्छ" (गौतम, २०७१ : पृ. १)। आख्यान निर्मित कथा भएकाले यसको कोही न कोही प्रस्तोता हुन्छ। समाख्याता पनि विभिन्न प्रकारका हुन्छन्। कथासम्बद्धताका आधारमा बहिर्निष्ठ र अन्तर्निष्ठ गरी समाख्याताका दुई तह हुने कुरा मिकी बल (सन् १९९७ : पृ. ४४) ले बताएका छन्। त्यसैले समाख्याता कथासँगको आबद्धता नै कथासम्बद्धता हो।

पात्रसम्बद्धताका आधारमा असंलग्न र संलग्न गरी दुई किसिमका समाख्याता रहेका छन्। पात्र समाख्याता नै संलग्न समाख्याता हो। यस्तो समाख्याताले पात्रका रूपमा आफै संलग्न भएर कथा भनिरहेको हुन्छ। "संलग्न समाख्याता साक्षी वा द्रष्टा, कर्ता र भोक्ता विभिन्न रूपमा रहेको हुन्छ। संलग्न समाख्याता प्रथम पुरुष 'म' वा 'हामी' सर्वनामका रूपमा आउँछ। संलग्न समाख्याताले आफ्नो व्यक्तिगत अनुभवलाई कथामा प्रस्तुत गर्न सक्दछ भने अन्य व्यक्तिलाई समावेश गरी कथा प्रस्तुत गर्ने क्षमता पनि राख्दछ" (गौतम, २०७१: पृ. ९)। संलग्न समाख्याता पनि संलग्न स्वकथनात्मक र संलग्न परकथनात्मक गरी दुई किसिमको हुन्छ।

कथाको पात्रका रूपमा नरहने समाख्यातालाई असंलग्न समाख्याता भनिन्छ। यस्तो समाख्याता समाख्यानको पात्रका रूपमा रहेको हुँदैन। "असंलग्न समाख्याताले कथा संसारबाहिर बसेर घटनाको वर्णन गर्दछ। यस्तो समाख्याता घटना, पात्र र परिवेश आदिका बारेमा सर्वदृष्टि राख्न सक्ने हुन्छ" (गौतम, २०७१ : पृ. ९)। यस्तो समाख्याताले पात्रको चेतन, अवचेतन मनका

सबै कुरा र पात्रले भविष्यमा के गर्छ भन्ने पनि जान्दछ । असंलग्न समाख्याता पात्रसँग कुरा गर्न, पात्रका बारेमा टिप्पणी गर्न, पात्रका कार्यको वर्णन गर्न, पात्रलाई भूमिका दिन, कथाको गतिलाई रोक्न वा अगाडि बढाउन, कुनै विचार सिद्धान्तप्रति विश्वास तथा अविश्वास प्रकट गर्न सक्ने हुन्छ । असंलग्न समाख्याताको पात्रगत भूमिका साक्षी वा द्रष्टाका रूपमा मात्र हुन्छ । समाख्याताले दिने आफ्ना बारेको सूचना नै समाख्याताको स्वप्रस्तुति हो । यस आधारमा बन्द र खुला गरी दुई प्रकारका समाख्याता रहेका देखिन्छन् । आफ्नो बारेको सूचना खुलस्त पार्ने समाख्याता खुला हो भने कुनै पनि कुराका विषय जानकारी नगराउने समाख्याता बन्द प्रकृतिको समाख्याता हो । खुला समाख्याताको लैङ्गिक, सामाजिक, आर्थिक, शारीरिक पहिचान खुलेको हुन्छ भने बन्द समाख्याताको यो पहिचान खुलेको हुँदैन ।

समाख्यान विधिले आख्यान कसरी प्रस्तुत गरिएको छ भन्ने विषयसँग सम्बन्ध राख्छ । समाख्यानमा कुनै घटना, विषय, पात्र, परिवेश र विचार सम्प्रेषण गर्नका लागि विशिष्ट विधिको प्रयोग गरिएको हुन्छ । कथात्मक सूचनाको सम्प्रेषण गर्ने प्रस्तुतिको शैलीलाई समाख्यानात्मक विधि भनिन्छ । प्रदर्शनात्मक र कथनात्मक गरी समाख्यान विधि दुईप्रकारको हुन्छ । प्रदर्शनात्मक विधिअन्तर्गत अभिनयसहित गरिने प्रत्यक्ष प्रस्तुति पर्दछ भने कथनात्मक विधिअन्तर्गत घटनाको भाषिक अभिव्यक्ति वा मध्यस्थ प्रस्तुति रहन्छ । समाख्यानमा प्रदर्शनात्मक वा कथनात्मक जुन विधिको प्रयोग भए तापनि यसअन्तर्गत वर्णन, कथन, कार्यको संसूचन र टिप्पणीजस्ता प्रविधिको प्रयोग गरिएको हुन्छ ।

आख्यानमा आएका पात्र, घटना र वस्तुस्थितिलाई भाषिक बयानका माध्यमबाट प्रस्तुत गर्ने समाख्यान प्रविधि वर्णन हो । यसले कुन समयमा, कहाँ, कसले के गरिरहेको छ भन्ने विषयसँग सम्बन्ध राख्छ । कथनलाई व्यक्तिको भनाइका रूपमा लिइन्छ । कथन, संवाद, कुराकानी, प्रश्नोत्तर आदि ढाँचामा प्रस्तुत भएको हुन सक्छ । कार्यको संसूचन विधिमा कुनै पनि कुराको वर्णन गर्ने भन्दा पनि पात्रका कार्यको सूचना प्रस्तुत गर्ने उद्देश्य राखिएको हुन्छ । कार्यको शृङ्खलित प्रस्तुति नै कार्यको संसूचन हो । टिप्पणीमूलक समाख्यान विधिमा समाख्याताको उपस्थित मध्यस्थका रूपमा रहेको हुन्छ । समाख्याताले कथा प्रस्तुत गर्ने क्रममा पात्रका क्रियाकलाप, विशेष घटना, परिवेश आदिका बारेमा सामान्य निरीक्षण तथा मूल्याङ्कन प्रस्तुत गरेको हुन्छ ।

### ७. 'शत्रु' कथासन्दर्भ र समाख्याता

'शत्रु' विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित मनोवैज्ञानिक कथा हो । यस कथामा पैँतालिस वर्षे कृष्ण रायको मनोदशाको चित्रण गरिएको छ । आफ्ना कोही शत्रु छैनन् भन्ने सोचाइ भएको कृष्ण रायमाथि लठ्ठी प्रहार भएपछि कसरी सबैलाई शत्रु ठान्न पुग्छ भन्ने सन्दर्भमा यो कथा निर्माण भएको छ ।

'शत्रु' कथामा तृतीय पुरुष समाख्याताले नै कथाको समाख्यान गरेको छ । प्रस्तुत कथामा आएको समाख्याता प्रथमस्तरको समाख्याताका रूपमा रहेको छ । कथाबाहिर बसी कथालाई अगाडि बढाउने यस कथाको समाख्याता बहिर्निष्ठ समाख्याता हो । कथाको निम्नलिखित साक्ष्यबाट यसलाई अझ स्पष्ट पार्न सकिन्छ :

> *आँखामा राखे पनि नबिझाउने भन्ने उखान कसैका निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायका निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । तिनले यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन्, यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरूद्ध ठान्थे । तिनको मतानुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी आउँछ । तर दुःख परेका बखतमा, 'राजद्वारे श्मशाने च' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे* (शर्मा, २०६१ : पृ. ११९) ।

उल्लिखित कथांशअनुसार कथाको समाख्याताले कृष्ण रायका क्रियाकलापलाई लामो समयदेखि नियालिरहेको छ । कृष्ण राय निकै असल मानिसका रूपमा रहेको, दस-बाह्र वर्षदेखि गाउँबाहिर नगएको, घरबाट बाहिर कम निस्कने गरेको, सडकमा उनलाई सबैले आदरपूर्वक अभिवादन गर्ने गरेको आदि सूचना समाख्याताबाटै वर्णन गरिएका छन् । कथाभन्दा बाहिर द्रष्टाका रूपमा उपस्थित भएर समाख्याताले यस कथामा मूलपात्र कृष्ण रायलाई सन्दर्भ बनाएर सम्पूर्ण घटना तथा क्रियाकलाप प्रस्तुत गरेको छ । यसरी कथा प्रस्तुत गर्ने समाख्याता कथासम्बद्धताका आधारमा बहिर्निष्ठ समाख्याता हो भन्ने कुरा स्पष्ट हुन्छ ।

'शत्रु' कथाको समाख्याताले कथामा कहीँ पनि आफूलाई सन्दर्भ बनाएको छैन । यस कथाको समाख्याताले आफ्ना बारेका सबै सूचना लुकाएको छ । कथाको मुख्य पात्रलाई केन्द्रमा राखेर उसैका क्रियाकलाप, सोचाइ तथा मानसिकताको वर्णनमा

सम्पूर्ण कथा निर्माण गरेको छ । यस कथामा समाख्याता पात्रगत भूमिकामा उपस्थित भएको छैन । समाख्याताले पात्रका बारेको सूचना सम्बोधितलाई यसप्रसकार प्रस्तुत गरेको छ :

> *कृष्ण रायलाई सब प्रकारको सुख थियो, धनको, यशको र सम्मानको । तिनका सन्तान थिएनन् तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजो पाली पूर्ति गरेका थिए* (शर्मा, २०५० : पृ. ११९) ।

यस कथाको समाख्याताले 'शत्रु'का सम्बन्धमा यसप्रकार टिप्पणी गरेको छ :

> *घटनालाई बिर्सन प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँमा बिछ्यौनामा बङ्ग लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् । सब शत्रु, सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? माने अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ । कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म निर्दोष कुरामा पनि विषालु साँपजस्तो वैरी बनाउने साधन लुकिरहेको देखिन्छ* (शर्मा, २०५० : पृ. १२१) ।

माथिको कथांशका आधारमा कथाको समाख्याताले दुनियाँमा कोही मित्र हुँदैनन्, सबै शत्रु नै हुन्छन् । बिनाकारण कोही कसैको शत्रु बन्दैन तर शत्रु बन्ने कारण सजिलै पाइन्छ र राम्रो काम गर्दा पनि मानिसका शत्रु बनेका हुन्छन् भन्ने विचार व्यक्त गरेको छ। यसबाट प्रस्तुत कथाको समाख्याता कसैलाई पनि मित्र नदेख्ने सबैलाई शत्रु नै ठान्ने मानसिकता भएको व्यक्ति हो भन्ने अनुमान लगाउन सकिन्छ। समाख्याताले शत्रुका विषयमा आफ्नो धारणा प्रस्तुत गरेको भए पनि आफ्ना बारेको सूचना खुलाएको छैन । उसले कथाको सुरुदेखि अन्त्यसम्म पनि कहीँ-कतै आफ्नो लैङ्गिक पहिचान र आफ्नो कुनै पनि सूचना प्रस्तुत गरेको छैन । आफ्नो बारेको सम्पूर्ण जानकारी लुकाएर तटस्थ रूपमा रहेको हुनाले 'शत्रु' कथाको समाख्याता बन्द समाख्याता हो भन्ने स्पष्ट हुन्छ। समाख्याताका दृष्टिले हेर्दा 'शत्रु' कथा तृतीय पुरुष बहिर्निष्ठ, असंलग्न तथा बन्द समाख्याता भएको कथा हो भन्ने स्पष्ट हुन्छ।

### ८. 'शत्रु' कथाको समाख्यान विधि

वर्णन 'शत्रु' कथाको मुख्य समाख्यान विधि हो । पात्रको, घटना, कार्य र मनस्थितिको वर्णन यस कथामा पाइन्छ । यो कथा तृतीय पुरुष समाख्याताबाट प्रस्तुत गरिएको छ। यसमा समाख्याताले कथाको आरम्भमै पात्रको वर्णन गरी कथा प्रस्तुत गरेको छ। कथाको मूलपात्र कृष्ण रायका बारेमा समाख्याताले यसप्रकार वर्णन गरी सम्बोधितलाई पात्रको जानकारी दिएको छ :

> *आँखामा राखे पनि नबिझाउने भन्ने उखान कसैका निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायका निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । तिनले यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन्, यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनको मतानुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी आउँछ । तर दुःख परेका बखतमा, 'राजद्वारे श्मशाने च' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे* (शर्मा, २०६१ : पृ. ११९) ।

माथिको कथांशका माध्यमबाट समाख्याताले कथाको प्रमुख पात्र कृष्ण रायका बारेमा सम्बोधितलाई जानकारी दिएको छ। यस अंशमा समाख्याताले पात्रलाई पैँतालिस वर्ष उमेर पुगेको, गाउँको लोकप्रिय, सबैभन्दा भद्र व्यक्ति, परेको बेलामा सबैलाई सहयोग गर्ने सहयोगी मानिसका रूपमा चिनाएको छ। पात्रको शारीरिक, सामाजिक, आर्थिक तथा मानसिक अवस्था प्रस्तुत गर्नका लागि समाख्याताले वर्णनात्मक समाख्यान विधिको प्रयोग यस कथामा पनि गरेको छ । यस्तै पात्रको मनस्थितिको चित्रण पनि वर्णनका माध्यमबाट प्रस्तुत गरिएको छ। कथाको निम्न अंशले यो कुरालाई पुष्टि गरेको छ :

> *'मलाई कसले यसरी आक्रमण गर्‍यो होला ।' तिनी विचार गर्न थाले । 'यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ,' कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा नै विश्वास भएन । सब तन्द्रावस्थाको भ्रमजस्तो, तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रो त भ्रम हुन सक्तैन । कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर फेरी भन्न थाले, 'को मेरो शत्रु हुनसक्छ ?'* (शर्मा, २०६१ : पृ. ११९-१२०) ।

माथिको कथांशमा समाख्याताले पात्रले के सोचेको छ भन्ने कुरा पात्रको मनोदशाको वर्णनका माध्यमबाट प्रस्तुत गरेको छ। लठ्ठी प्रहार भएपछि कृष्ण राय द्विविधामा परेको कुरा कथाको यस अंशले सम्प्रेषण गरेको छ। समाख्याताले पात्रको प्रत्यक्ष

विचारलाई प्रथम पुरुष कथन ढाँचामा प्रस्तुत गरी कथालाई अगाडि बढाएको छ। एकालापीय शैलीमा कथाको मूलपात्र आफै सचेत भई विचार अभिव्यक्त गर्ने वर्णनात्मक शैलीको प्रयोगलाई यस अनुच्छेदले देखाएको छ। पात्र र उसको वर्णनका माध्यमबाट कथात्मक सूचना सम्प्रेषण गरिएको हुनाले यस कथामा पात्रको वर्णनको प्रयोग भएको हो।

कथामा के भयो भन्ने कुराको जानकारी घटनाको वर्णन हो। समाख्याताले कथात्मक सूचना घटनाका माध्यमबाट सम्बोधित समक्ष सम्प्रेषण गर्न पनि सक्दछ। कथाको सङ्केन्द्रक विषय र पात्रका बारेमा प्रकाश पार्नका लागि समाख्याताले यस्तो विधिको उपयोग गरेको हुन्छ। पात्रको मनस्थितिलाई बढी जोड दिएको भए पनि 'शत्रु' कथामा घटनाको वर्णन गरी समाख्याताले सम्बोधितलाई सङ्केन्द्रित पात्र कृष्ण राय र उसको मनस्थितिका बारेको जानकारी सम्प्रेषित गरेको छ :

> *एक दिनको घटना उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो। गोविन्द पण्डितको र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो, तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन। कृष्ण राय सधैंको जस्तै मध्यस्थ भएर हिँड्ने बानीले प्रेरित भएझैं ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले - 'हेर, गोविन्द पण्डित! हेर गोरे जमदार! झगडा गरेर के लाभ! आपस्तमा मिल, खाऊ, पिऊ, ईश्वरको भजन गर।' यति उपदेशमै तिनीहरू झगडा गर्न छाड्ने भए, तिनीहरू कहिल्यै झगडा गर्ने थिएनन्* ('दोषी चश्मा', २००६ : पृ. १२०-१२१)।

माथिको कथांशमा कृष्ण रायले झगडाको मध्यस्थ भएर काम गर्ने कुरालाई बुझाउनका लागि उदाहरण दिएर पण्डित र गोरे जमदारका बिचमा झगडा भएको घटनाको वर्णन गरिएको छ। पात्रका बारेको सूचना सम्प्रेषणका निम्ति अतिरिक्त उदाहरण प्रस्तुत गरी विषयलाई लामो बनाउन यस कथांशमा वर्णनको प्रयोग गरिएको छ। कथाको मुख्य पात्रका विषयमा मूल्याङ्कन गर्दा समाख्याताले यस कथामा टिप्पणी विधिको समेत प्रयोग गरेको छ कथाको यस अंशबाट यसलाई अझ स्पष्ट पार्न सकिन्छ :

> *गाउँलेहरूमा झगडा पर्‍यो भने यिनी नै मध्यस्थ हुन्थे। यिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिँदैनथ्यो। आफ्नो घरबाट तिनी कम निस्कन्थे, निस्केको दिन कि त कसैकहाँ मृत्यु छ, कि झगडा भएछ भनी ठान्नुपर्थ्यो। ...तिनको जीवन कसैले असफल भन्न सक्तैनथ्यो। सानोतिनो पूँजी पनि कमाइहालेका थिए, रुपियाँ जम्मा गर्दा आफन्तहरूले गरेजस्तो रैतीहरूलाई पीर पनि पारेका थिएनन्* (शर्मा, २०६१ : पृ. ११९-१२०)।

माथिको कथांशमा कृष्ण रायको चरित्रका विषयमा वर्णन गर्ने क्रममा समाख्याताले आफू मध्यस्थको भूमिकामा रही उसका विषयमा मूल्याङ्कन गरेको छ। कृष्ण रायको फैसलाबाट कोही पनि असन्तुष्ट नहुने, उनको जीवनलाई असफल भन्न नमिल्ने र सम्पत्ति कमाउँदा कसैलाई पनि पीर नपारेको जस्ता कुरा समाख्याताले पात्रका बारेमा गरेको मूल्याङ्न हो। 'शत्रु' कथाको समाख्यान विधिलाई यसरी देखाउन सकिन्छ :

तालिका १ : 'शत्रु' कथाको समाख्यान विधि

| अनुच्छेद | कथाको तथ्याङ्क | समाख्यान विधि | |
|---|---|---|---|
| | | सहायक विधि | मूल विधि |
| १-२ | कृष्ण राय आँखामा राखे पनि नबिझाउने, पैँतालिस वर्षे गाउँको भद्र मानिस, ११/१२ वर्ष गाउँबाट बाहिर पाइलो नराखेको, कसैलाई कर्जा नदिने, दुःख पर्दा सबैको सहयोग गर्ने, झगडाको मध्यस्थ बन्ने, गाउँलेले अदबसँग अभिवादन गर्ने, सबैप्रकारको सुख पाएको, सन्तान नभएको, भतिजो पालेर सन्तानको अभाव पूरा गरेको व्यक्तिका रूपमा रहेको देखाउनु। | पात्रको वर्णन | परिदृश्यात्मक |
| ३-४ | कृष्ण रायले खाना खाएर सुत्ने कोसिस गर्नु, कसैलाई पीर नपारी सम्पत्ति आर्जन गरेको, कसैलाई आफ्नो शत्रु नबनाएको कल्पना गर्नु, कसैले लठ्ठी प्रहार गर्नु, लठ्ठीको मुख्य चोट उनीमाथि नपर्नु, जुर्मुराउँदै उठ्नु, आक्रमणकारी भाग्नु, घटनाप्रति अविश्वास हुनु, शत्रु को हुनसक्छ सोच्न थाल्नु। | अवस्थाको वर्णन, पात्रको जीवनप्रति टिप्पणी, प्रत्यक्ष कथन, घटना वर्णन र कार्यको संसूचन | |
| ५-६ | घरको नोकर रामे, हिसाब गर्ने बलभद्र, काम खोज्न आएको युवकलाई 'शत्रु'का रूपमा शङ्का गर्नु, आफ्नो कमजोरी बुझ्नु, गोविन्द पण्डित र गोरे जमदारको झगडा मिलाउँदा गोविन्द पण्डित तथा मास्टर र कैँयाको झगडामा मास्टर रिसाएको बुझ्नु, राम्रो काम गर्दा पनि शत्रु बन्ने रहेछ भन्ने बुझ्नु। | पात्रको मनस्थितिको वर्णन | |

| | | | |
|---|---|---|---|
| ७-८ | कृष्ण रायलाई आफूले गरेका कार्यको सम्झना हुनु, आफैले पालेको छोरामाथि पनि विश्वास नहुनु, कोही पनि मित्र नहुने सबै शत्रु हुन्छन् भन्ने निष्कर्षमा पुग्नु । | कार्यको संसूचन,पात्रको स्वभावको वर्णन | सारांशीकरण विधि |
| ९-१० | घटनाको जाँच हुनु, प्रहरीले सोध्नु, कृष्ण रायले सबैको नाम बताउनु । | स्थिति वर्णन तथा कार्यको संसूचन | |

माथिको तालिकाबाट 'शत्रु' कथामा प्रदर्शनात्मक (परिदृश्यात्मक) र कथनात्मक समाख्यान विधि प्रयोग भएको पाइन्छ । प्रदर्शनात्मक विधिअन्तर्गत परिदृश्यात्मक वा अभिनयसहित गरिने प्रत्यक्ष प्रस्तुति पर्दछ । यो मूल विधि हो भने कथनात्मक विधिमा पात्रको वर्णन, अवस्थाको वर्णन, पात्रको जीवनप्रति टिप्पणी, प्रत्यक्ष कथन, घटना वर्णन र कार्यको संसूचन, पात्रको मनस्थितिको वर्णन आदि प्रस्तुति रहन्छ । यो सहायक विधिको रूपमा रहन्छ । यस कथामा एक, दुई, तीन, चार, पाँच र छ अनुच्छेदमा भएका प्रस्तुति यसैमा आधारित छ । अनुच्छेद सात, आठ, नौँ र दसमा कार्यको वर्णन, संसूचन र टिप्पणीजस्ता प्रविधिको प्रयोग गरिएको पाइन्छ साथै यसमा सारांशीकरण विधि प्रयोग गरेर कथावस्तुलाई निष्कर्षमा पुऱ्याउन कार्यतालिकाबाट प्रष्ट भएको देखिन्छ ।

### ९. 'शत्रु' कथाको कथनीयता

'शत्रु' कथामा आएको तृतीय पुरुष समाख्याताले कृष्ण रायको सामाजिक तथा शारीरिक अवस्थाको वर्णन गरेको छ । जतिसुकै सम्पन्न, असल र मानवीय गुणले भरिपूर्ण भए तापनि कुनै पनि मानिस शत्रुविहिन हुन सक्दैन भन्ने कुरा नै प्रस्तुत कथामा कथनीयताका रूपमा अभिव्यक्त भएको छ । आफ्नो दोषलाई नहेर्ने मानिसको जीवनमा सानो कुराले पनि ठूलो क्षति निम्त्याउन सक्छ । कसैले राम्रो व्यवहार गरेको छ भन्दैमा सम्पूर्ण रूपमा उसलाई विश्वास गर्नु पनि ठिक होइन । कृष्ण राय यस्तै प्रकार आफूलाई दोषरहित ठान्ने मानसिक स्वभाव भएको व्यक्तिका रूपमा कथामा आएको देखिन्छ । सबैमाथि विश्वास गर्दा पनि कृष्ण रायमाथि लठ्ठी प्रहार भएको देखिन्छ । कथाको मुख्य पात्र कृष्ण रायको वैचारिक तहबाट प्रस्तुत कथाको कथनीयता अभिव्यक्त भएको छ । पात्रको कार्यका माध्यमबाट उसको चेतनामा आएको परिवर्तन नै यस कथाको कथनीयता हो । उदाहरणका लागि कथाको यस अंशलाई साक्ष्यका रूपमा प्रस्तुत गर्न सकिन्छ :

> *घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राइ निदाउने निहुँले बिछ्यौनामा बुङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सब शत्रु, सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानौँ, अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अच्चम्म, निर्दोष कुरामा पनि विषालु साँपजस्तो वैरी बनाउने साधन लुकिरहेको देखिन्छ* (शर्मा, २०६१ : पृ. १२१) ।

अकारण मानिसको कोही शत्रु हुँदैन । शत्रु बन्नका लागि झैझगडा हुनुपर्छ भन्ने पनि छैन । बिनाकारण मानिसका कोही शत्रु बन्दैनन् तर सानातिना कुरामा नै मानिसले शत्रु बनाउने कारण छोडिरहेका हुन्छन् । शत्रु हुनका लागि कसैसँग कल-झगडा वा नराम्रो सम्बन्ध हुनुपर्छ भन्ने छैन । राम्रो काम गर्दा पनि मानिसका शत्रु बनिरहेका हुन्छन् । मानिसले आफ्नो जीवनमा शत्रुताका लागि अनेक कारण निर्माण गरिरहेको हुन्छ । असल काम गर्दा पनि मानिसलाई सबैले मन पराउँछन् भन्ने हुँदैन । शत्रुबिनाको मानिस कोही पनि हुँदैन भन्ने कुरालाई कथाले कथनीयताका रूपमा समेटेको छ ।

### १०. निष्कर्ष

'शत्रु' कथाको समाख्याता तृतीय पुरुष रहेको छ । तृतीय पुरुष समाख्याता भएको कारण ऊ सर्वदर्शी छ । यस कथाको समाख्यातालाई कथाका बारेमा सम्पूर्ण विषयवस्तु तथा घटनाहरू थाहा छ । त्यसैले उसले नियन्त्रित रूपमा घटनाहरूलाई अगाडि बढाएको छ । त्यसैले 'शत्रु' कथा बहिर्निष्ठ, असंलग्न तथा बन्द समाख्याता भएको कथा हो । यस कथाको मूल समाख्यान विधिमा वर्णन र टिप्पणीजस्ता विधिको प्रयोग भएको छ । लेखकले कथामा कतिपय कुरा लुकाएर पाठकलाई जिज्ञासामूलक बनाएको पाइन्छ । उसले कथामा आफ्ना वैचारिक भाव सरल, सहज र सम्प्रेष्य रूपमा प्रस्तुत गरेको छ । अकारण मानिसको कोही शत्रु हुँदैन, शत्रु हुनका लागि ठूलो झगडा आवश्यक हुँदैन, निर्दोष कुरामा पनि शत्रु बन्ने कारण लुकेको हुन्छ भन्ने वैचारिक सार नै कथनीयताको रूपमा रहेको देखिन्छ । त्यसैले समाख्यानात्मकताका आधारमा 'शत्रु' कथा उत्कृष्ट र मर्मस्पर्शी बनेको पाइन्छ ।

**सन्दर्भिका**


कोइराला, विश्वेश्वरप्रसाद (२०७०). *दोषी चश्मा* (नवौं सं.). ललितपुर : साझा प्रकाशन।

गौतम, देवीप्रसाद (२०६९). 'समाख्यानात्मक वाच्यत्व'. *प्राज्ञिक संसार*. वर्ष १, अङ्क ६, चैत्र. काठमाडौं : जुगल प्रकाशन।

गौतम, देवीप्रसाद (२०७०). *समाख्यानशास्त्रको सैद्धान्तिक मोडल, समाख्यानशास्त्र : सिद्धान्त र प्रयोग* (सम्पा.). दीपकप्रसाद ढकाल. काठमाडौं : ओरिएन्टल पब्लिकेशन।

गौतम, देवीप्रसाद (२०७१). 'आख्यानमा समाख्याता', *वाङ्मय*. वर्ष १५, अङ्क १५ : पृ. १-१७. काठमाडौं।

गौतम, देवीप्रसाद (२०७१). *समाख्यानको परिचय,* नेपाली केन्द्रीय विभागअन्तर्गत एम्.फिल्. कार्यक्रमअन्तर्गत प्रस्तुत कार्यपत्र. कीर्तिपुर : त्रि.वि.।

न्यौपाने, नेत्रप्रसाद (२०६०). 'खीर' कथाको समाख्याशास्त्रीय विश्लेषण'. *प्राज्ञिक संसार*. काठमाडौं : जुगज पब्लिकेसन प्रा.लि.।

शर्मा, हरिप्रसाद (२०६१). *विश्वेश्वरप्रसाद कोइरालाका कथा* (तेस्रो सं.). ललितपुर : साझा प्रकाशन।

Bal, Mieke (1997). *Narratology Introduction of the Theory of Narrative*. *London* : University of Toronto Press.